म.जि.प्र.का दर्ता नं: १०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ९८ २०८० मंसिर २९ गते शुक्रबार 15 December 2023, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

**सुशासन किन ?**

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एचआईभी संक्रमितलाई भेदभाव कायमै

समाज संवाददाता

हेटौंडा: मकवानपुर तथा अन्य जिल्लाहरुमा एचआईभी संक्रमितमाथिको भेदभाव तथा लाञ्छना बढ्दै गएको छ । अहिलेको समयमा समेत मानिसले बुझेर तथा नबुझेर एचआईभी संक्रमितलाई भेदभाव गरिरहेका हुन् ।

बिहीबार मकवानपुर पोजेटिभ समूहको आयोजनामा पत्रकार र सरोकारवालासँग बैठक बसेको थियो । पल्पसा हलमा भएको बैठकमा मकवानपुर पोजेटिभ समूहकी कार्यक्रम संयोजक विष्णु गुरुङले एचआईभी संक्रमितलाई अन्य स्थानबाट बढ्दै गएको भेदभावको बारेका बताउनु भएको थियो ।

बैठकमा सहजरुपमा उपचार सेवा, एचआईभीको गोपनियता र लाञ्छना तथा भेदभावको बारेमा छलफल भएको हो । एचआईभी संक्रमित भएका मानिसहरु हेपाइका कारण आफ्नो समस्या राख्न डराउने गरेको गुरुङले बताउनुभयो । एएनएफको सहयोगमा भएको बैठकमा एचआईभीको बारेमा मानिसलाई बुझाउन राष्ट्रिय एजेण्डा बनाउन आवश्यक रहेकोमा सहभागीहरुको जोड थियो । बैठकमा गुरुङले अहिले गर्दै आएका कार्यक्रमहरुलाई निरन्तरता दिने तथा स्थानीय स्रोत परिचालनमा जोड दिने समूहको योजना रहेको बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोग, मकवानपुर महिला समूह तथा मकवानपुर रिकभरिङ्ग समूहको समन्वयमा विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन भएको गुरुङले बताउनुभयो । गुरुङका अनुसार हेटौंडा उपमहानगर पालिकाबाट ६ जना बालबालिकाहरुलाई मासिक एक हजारको दरले पोषण सहयोग गरिएको छ ।

यस्तै, ५ जनालाई २५ हजारको दरले आयआर्जनमा सहयोग प्राप्त भएको छ भने १८ वर्षमाथिको एक जनालाई शिक्षामा सहयोग भएको हो । एक जना संक्रमितलाई रिफरको लागि एम्बुलेन्स भाडा सहयोग प्राप्त भएको थियो भने ११ जना प्रभावित बालबालिकाहरुलाई १२ हजारको दरले शिक्षामा सहयोग गरिएको गुरुङले बताउनुभयो ।

समूहले हेटौंडा उपमहानगर पालिकामा एचआईभी सम्बन्धी कार्यविधि बनाउन सफल भएको संयोजक गुरुङले जानकारी दिनुभयो । उपमहानगरपालिकाको साथै विभिन्न वडा कार्यालयहरुसँग समन्वय र सहकार्य भइरहेको उहाँले बताउनुभयो । राक्सिराङ गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाबाट पनि सहयोगको प्रतिबद्धता जाहेर भएको उहाँले जानकारी दिनुभयो ।

गोपनियता भंग हुने र लाञ्छना तथा भेदभावको डरले सेवाग्राहीहरुले आफ्नो स्थानीय निकायबाट सेवा लिन र उपचार सेवामा कठिनाई भइरहेको बताइएको छ । बैठकमा मकवानपुर पोजेटिभ समूहका अध्यक्ष राजुकुमार सुवेदीले मानिसहरुको एचआईभीलाई हेर्ने नजर फरक भएको बताउनुभयो । सुवेदीले हेटौंडा अस्पतालबाट एचआईभी संक्रमितलाई विभेद भएको बताउनुभयो ।

एचआईभी संक्रमितसँग बस्दैमा, खाँदैमा, सुत्दैमा एचआईभी सर्दैन । 'एचआईभी संक्रमित व्यक्तिले हेपाइको डरले आफ्नो समस्या राख्न सकिरहेका हुँदैनन्', संयोजक गुरुङले भन्नुभयो- 'एचआईभी भनेको एउटा मानिसमा हुने संक्रमण भएकाले हामीले समाजमा यसलाई सामान्यरुपमा हेर्नु पर्दछ ।' नेपालको धेरै क्षेत्रहरुमा संक्रमित व्यक्तिहरुले जाँच गर्न जाँदा पनि हेपाईपूर्ण व्यवहार भइरहेको उहाँले जानकारी दिनुभयो ।

## मानवसेवा आश्रमको कुल सम्पत्ति २१ करोडभन्दा बढी




समाज संवाददाता

हेटौंडा: हेटौंडा-९ स्थित मानवसेवा आश्रमले आर्थिक वर्ष २०७९/८० को आयव्यय विवरण र प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । आश्रमले बिहीबार पत्रकार सम्मेलनको आयोजना गरी आश्रमको आयव्यय सार्वजनिक गरेको हो । मानवसेवा आश्रमको कुल सम्पत्ति २१ करोड २४ लाख ५२ हजार ६७१ रुपैयाँ रहेको आश्रमले जनाएको छ ।

मानवसेवा आश्रमले दानबाट २ करोड ४७ लाख ५६ हजार १५० रुपैयाँ र अन्य दान, चन्दा तथा सहयोगबाट ४४ लाख ९० हजार ८९३ रुपैयाँ गरी २ करोड ९२ लाख ४७ हजार ४३ रुपैयाँ आम्दानी गरेको जनाएको छ । मानवसेवा आश्रमको खर्च ३ करोड ७१ लाख ९१ हजार ७९७ रुपैयाँ भएको आश्रमका लेखा प्रशासन प्रमुख अस्मिन गौतमले जानकारी दिनुभयो । आश्रम गत आर्थिक वर्ष ७९ लाख ४४ हजार ७५३ रुपैयाँ घाटामा रहेको गौतमले बताउनुभयो ।

आश्रमलाई सरकारी कार्यालयबाट भौतिक निर्माण तथा व्यवस्थापनको लागि २ करोड ४ लाख ९४ हजार ५७७ रुपैयाँ प्राप्त भएको आश्रमले जनाएको छ । नेपथ्य कार्यक्रम-२०८० मा ४४ लाख २५ हजार ५१९ रुपैयाँ आम्दानी भएको गौतमले जानकारी दिनुभयो । आश्रमको अक्षयकोष तथा वार्षिक भोजन सेवा कोषमा ३ करोड ६३ लाख ३२ हजार ३१ रुपैयाँ रहेको छ ।

मानवसेवा आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारीले सडक आश्रित मानवहरुको मानवोचित व्यवस्थापन गराउने उद्देश्यले मानवसेवा आश्रमको स्थापना भएको बताउनुभयो । विभिन्न कारणबाट सडकपेटी र सार्वजनिक स्थलहरुमा अत्यन्तै अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, सडकआश्रित मानवहरुको उद्दार, परामर्श, औषधोपचार एवम् पारिवारिक पुनर्मिलन गराउँदै आएको छ । पारिवारिक पुनर्मिलन हुन नसक्नेहरुका लागि लालनपालन र संरक्षण आश्रमले गर्दै आइरहेको उहाँले बताउनुभयो ।

निरन्तरको प्रयास र पहलको कारण नेपाल सरकारले नीति तथा कार्यक्रममा मानवीय सेवामा समर्पित संघ-संस्थाहरुसँगको सहकार्यमा नेपाल देशलाई सहयोगापेक्षी सडक आश्रित मानवमुक्त राष्ट्र निर्माण गर्ने उद्घोष गरेको अधिकारीले जानकारी दिनुभयो । यसअघि गण्डकी र कर्णाली प्रदेशले सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरेको र बागमती प्रदेश पनि सहयोगापेक्षी मुक्त प्रदेश घोषणाको तयारीमा रहेको उहाँले बताउनुभयो ।

एक गाँस भोजन र एक सरो कपडाको अभावमा कष्टपूर्ण जीवन बिताउन नपर्ने अवस्था निर्माण गर्ने दृढ संकल्पसहित २०६९ साल भाद्र १३ गते मकवानपुर जिल्ला हेटौंडाबाट शुभारम्भ भएको मानवसेवा आश्रम ७ प्रदेशको विभिन्न १९ वटा जिल्लामा २४ वटा सेवा केन्द्रहरु सञ्चालनमा छन् । नेपालमा बागमती प्रदेशमा ६ वटा, गण्डकी प्रदेशमा ५ वटा, लुम्बिनी प्रदेशमा ४ वटा, मधेश प्रदेशमा ३ वटा, कोशी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एउटा मानवसेवा आश्रम रहेको छ ।

मानवसेवा आश्रम हेटौंडामा २१ जना बालबालिका, ७६ जना महिला र १०७ जना पुरुष गरी २०४ जना आश्रित रहेका छन् । हालसम्म आश्रमले १ हजार ५ सय ८१ जनाको उद्दार गरेकोमा ८ सय ३६ जनाको पारिवारिक पुनर्मिलन भएको, १ सय ८४ जनाको शरीर शान्त, ४ सय २० जनाले स्वेच्छाले आश्रम छोडेको, ५१ जनाको सामुदायिक पुनर्मिलन गरेको र ३४ जनाको पु:नउद्दार गरेको छ । केही समयअघि मानवसेवा अश्रम हेटौंडाले मेची-महाकाली अभियान सञ्चालन गरी ३ सय २ जना सडक मानवको उद्दार गरेको थियो ।

आश्रममा संथापक अध्यक्ष रामजी अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाइको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख एसपी सीताराम रिजाल, सशस्त्र प्रहरी प्रमुख एसपी अनिल कार्की, सामाजिक विकास मन्त्रालयका बालबालिका महाशाखा प्रमुख अमृत अधिकारी, आश्रमका उपाध्यक्ष उमा भण्डारीलगायतको उपस्थिति रहेको थियो ।

## थाहा प्राथमिक स्वास्थ्य केन्द्रमा जनशक्ति कमी

समाज संवाददाता

हेटौंडा: मकवानपुरस्थित थाहा नगरपालिकाको पालुङ प्राथमिक स्वास्थ्य केन्द्रमा जनशक्तिको अभाव रहेको छ । थाहा नगरपालिकाको एकमात्र प्राथमिक स्वास्थ्य केन्द्रमा जनशक्तिको कमी भएको केन्द्रका प्रमुख मेडिकल अधिकृत डा.गगन कार्कीले जानकारी दिनुभयो ।

प्राथमिक स्वास्थ्य केन्द्रमा बिरामीको चाप बढ्दै गएको छ । प्राथमिक भएता पनि दैनिक सय जना सेवाग्राहीहरु उपचार गर्न आउने गरेका छन् । स्वास्थ्य केन्द्रले पालिकाका बासिन्दाहरुलाई ओपीडी, इमर्जेन्सी, परिवार नियोजन, प्रयोगशाला, फार्मेसीलगायतका सेवा प्रदान गर्दछ ।

महिनाको दुईपटक काठमाडौंका रेडियोलोजिस्ट र स्त्रीरोग विशेषज्ञ डाक्टर बोलाएर जाँच दिने गरेको डा. कार्कीले बताउनुभयो । डा. कार्कीका अनुसार केन्द्रको अवस्था राम्रो भए पनि केन्द्रमा धेरै समस्या रहेको छ । स्वास्थ्य केन्द्रमा जनशक्ति, प्रयोगशालाको उपकरण कम र हातले गर्ने भएकाले समय धेरै लाग्ने, पूर्वाधार र बजेटको कमीजस्ता समस्या रहेको छ ।

प्राथमिक केन्द्रले २४ सै घण्टा प्रयोगशाला र फार्मेसीको सेवा दिने गरेको छ । प्रयोगशालामा दैनिक ७० जनाको केस जाने गरेको छ भने ओपीडीबाट पहिलाभन्दा राम्रो सेवा दिरहेको डा. कार्कीले बताउनुभयो । स्वास्थ्य केन्द्रको इमर्जेन्सीमा ७ वटा शैया रहेको छ । नगरपालिकाका बासिन्दाहरु धेरै पखाला, रुघाखोकी, आघात रोग, फ्र्याक्चर तथा मौसमी रोगलगायत समस्याले उपचारका लागि आउने गरेका छन् । केन्द्रबाट धेरै बिरामीर्लाइ काठमाडौंको पाटन अस्पताल रिफर गरिन्छ ।

डा. कार्कीका अनुसार केन्द्रले बिरामीहरुलाई पहिलाभन्दा कम रिफर गर्ने गरेको छ । केन्द्रले पहिला ५० जनालाई रिफर गर्ने गरेको थियो भने अहिले १० जनालाई रिफर गर्ने गरेको छ । डा. कार्कीका अनुसार नगरपालिकाका बासिन्दाहरु पूर्ण जाँचमा समेत आउने गरेका छन् । महिनामा ३० भन्दा बढी बिरामीहरु पूर्ण जाँचमा आउने उहाँले बताउनुभयो ।

स्वास्थ्य केन्द्रले बीमाको सेवा पनि दिएको छ । 'थाहा नगरपालिकाका बासिन्दाहरुले स्वास्थ्य केन्द्रमा समय धेरै लाग्छ भन्ने गुनासो गरेका छन्', डा. कार्कीले बताउनुभयो । 'स्वास्थ्य केन्द्रमा मेशिनहरु सेमिअटोमेटिक भएका कारण गुनासो सुनिएको छ ।' डा. कार्कीका साथ केन्द्रबाट डा. पवन कार्की, डा. सुजता केसी र डा. शर्मिला विश्वकर्माले उपचार गरिरहनु भएको छ । स्वास्थ्य केन्द्रमा ७ जना स्टाफ नर्स रहनुभएको डा. कार्कीले बताउनुभयो । स्वास्थ्य केन्द्रमा एउटामात्र एम्बुलेन्स रहेको छ । डा. कार्कीका अनुसार पालुङ प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति भएर अस्पताल बन्ने भएको छ ।

समृद्ध समाज
राष्ट्रिय
दैनिक
www.samriddhasamaj.com

## २२ जनाद्वारा रक्तदान

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१७, हटियास्थित हटिया बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आयोजना गरेको रक्तदान कार्यक्रममा २२ जनाले रक्तदान गरेका छन् । सहकारीको १६ औं स्थापना दिवसको अवसरमा बिहिबार रक्तदान कार्यक्रम भएको थियो । रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । आज शुक्रबार बिहान सानिमा बैंकले पनि रक्तदान कार्यक्रमको आयोजना गरेको छ ।



# सम्पादकीय

## उद्देश्यमूलक महोत्सवको अपेक्षा

आगामी पुस ५ गतेबाट पुस १७ गतेसम्म हेटौंडामा आयोजना हुने भनिएको वृहत् खेलकुद तथा व्यापार महोत्सवलाई लिएर मकवानपुर उद्योग वाणिज्य संघले आपत्ति जनाएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समिति र औद्योगिक शान्ति नेपाल संस्थाको आयोजनामा महोत्सव हुन लागेको हो । हेटौंडा-१०, टीसीएनचौरमा हुने महोत्सव रोक्न मकवानपुर उद्योग वाणिज्य संघले स्थानीय सरकार तथा प्रशासनलाई ध्यानाकर्षण गराए पनि सुनुवाई नभएपछि बुधबार संघले पत्रकार सम्मेलन गरेर मेलाप्रति आपत्ति जनाएको हो । पत्रकार सम्मेलनमा संघले अन्य व्यावसायिक संस्थासँग खेलकुद विकास समितिले साँठगाँठ गरेको आरोप लगाएको छ । उद्योगी व्यवसायीले आर्थिक मन्दीको प्रभाव भोगिरेको भन्दै हेटौंडाका व्यवसायीहरुलाई प्रत्यक्ष असर पर्नेगरी महोत्सव आयोजना गर्न नहुने संघको भनाइ छ । देशभर उद्योग वाणिज्य संघहरुले औद्योगिक तथा व्यावसायिक वस्तु तथा सेवाहरुका साथै उद्यमशीलता प्रवर्द्धनका लागि मेला महोत्सव आयोजना गर्ने गरेको भन्दै उद्योग तथा व्यापार क्षेत्रसँग सरोकार नभएको संस्थाले व्यापार महोत्सव गर्न नहुने दावी गरिएको छ ।

खेल सम्बद्ध संस्थाले खेलकुद महोत्सव गर्नु उचित भए पनि व्यापार महोत्सव गर्न लागेकोमा उद्योग वाणिज्य संघले विरोध गरेको छ, जुन स्वभाविक हो । खेलकुद विकास समितिले खेलकुदसम्बन्धी क्रियाकलाप समेटेर खेलकुद महोत्सव गर्नुपर्ने संघका पदाधिकारीले बताउँदै आएका छन् । तर, खेलकुद विकास समितिले आयोजना गर्न लागेको खेलकुद तथा व्यापार महोत्सवप्रति खेल सम्बद्ध संस्था एवम् खेलाडीहरु भने उत्साहित बनेका छन् । महोत्सवमा दिनहुँजसो विभिन्न खेलका प्रतियोगिता तथा प्रदर्शनी हुने बताइएको छ । आयोजकले महोत्सव अवधिभर राष्ट्रिय, प्रदेश तथा स्थानीय गरी १३ वटा विधामा खेलकुद प्रतियोगिता तथा प्रदर्शन गर्ने गरी संयोजक तोकेको छ । महिलाको राष्ट्रिय उसु प्रतियोगिता, महिलाकै राष्ट्रिय भलिबल, कबड्डीतर्फ महिला पुरुष दुबै विधाको प्रदेशस्तरीय प्रतियोगिता हुने बताइएको छ । यस्तै, कराँतेको जिल्लास्तरीय प्रतियोगिता, फुलकन्ट्याक्ट कराँतेको जिल्लास्तरीय, आर्चरीको खेल प्रदर्शन, रेस्लिङको आमन्त्रित र कुस्तीको अन्तर्राष्ट्रिय प्रदर्शन गर्ने आयोजकको तयारी छ । ब्याड्मिन्टनको खुला प्रतियोगिता, आइटीएफ तेक्वान्दो र हक्कीको प्रदेशस्तरीय प्रतियोगिता र महिलाको लागि ७ ए साइड फुटबल प्रतियोगिता गर्ने आयोजकले जानकारी दिएको छ ।

व्यापार, व्यवसाय, कृषि, उद्योग, पर्यटन, कला, संस्कृति, खेलकुदलगायतका आर्थिक तथा सामाजिक क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्य राखेर मकवानपुरलगायत देशभर विभिन्न मेला तथा महोत्सव हुने गरेका छन् । जसले जुनसुकै उद्देश्य राखेर मेला, महोत्सव आयोजना गरिए पनि आयोजकले आर्थिक उपार्जन गर्न व्यावसायिक स्टल राख्नैपर्छ । महोत्सवहरुमा अवलोकनकर्तालाई आकर्षित गर्न विभिन्न रमाइला खेल, मनोरञ्जन तथा स्टेजमा हुने सांगीतिक कार्यक्रमले उत्तिकै महत्व पाउने गरेको छ । हेटौंडामा आयोजना गर्न लागिएको खेलकुद तथा व्यापार महोत्सवबाट पनि खेलकुद विकास समितिले कम्तिमा २५ लाख रुपैयाँ बचत गर्ने लक्ष्य राखेको छ । यसका लागि महोत्सवमा खेलकुद प्रतियोगिता र प्रदर्शनीसँगै कृषि, पर्यटन, हस्तकला, खेलकुद सामग्री, अटोमोबाइल, लत्ताकपडा, भाँडाकुँडा, खानाखाजाका स्टलसमेत रहने निश्चित छ । यसका साथै बालउद्यान, राष्ट्रिय तथा स्थानीय कलाकारको सांगीतिक प्रस्तुति, खुला नृत्य प्रतियोगिता र लाइभ दोहोरीसमेत हुनेछन् ।

निश्चित उद्देश्य राखेर आयोजना हुने सबैजसो मेला, महोत्सव उद्देश्यमूलक बन्न सकिरहेका छैनन् । रमाइला खेल तथा मनोरञ्जनात्मक गतिविधि, खानपानप्रति नै महोत्सव अवलोकनकर्ता झुम्मिने गर्दछन् । मेला र महोत्सवमा उद्देश्यमूलक स्टल तथा गतिविधिमा भन्दा अवलोकनकर्ताहरु नाचगान, खानपिन र मनोरञ्जनमा रमाउने र आयोकजकले पनि तिनै गतिविधिबाट पैसा कमाउने प्रवृत्ति बढ्दै गएको छ । महोत्सवमा उद्देश्यमूलक सिमित गतिविधि र स्टल हुने र त्यस्ता गतिविधि र स्टलमा अवलोकनकर्ताको ध्यान नजाने अवस्था रहुन्जेलसम्म मेला, महोत्सव भीड जम्मा गरी पैसा कमाउने थलोमात्र बन्ने निश्चित छ । उद्देश्यमूलक गतिविधि र स्टल व्यवस्थापनमा आयोजक गम्भीर नहुँदासम्म कुनै पनि मेला, महोत्सव प्रभावकारी बन्न सक्दैनन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : परिश्रमले महत्वपूर्ण योजना तयार होला ।
**वृष** : आर्थिक अवस्थामा कमजोरी देखापर्ला ।
**मिथुन** : व्यापार–व्यवसायबाट धनागम हुने समय छ ।
**कर्कट** : दीर्घकालिन कार्यको शुरुवात हुने समय योग छ ।
**सिंह** : पदोन्नति र मानसम्मान प्राप्त हुने समय योग छ ।
**कन्या** : स्वास्थ्य सम्बन्धि समस्या योगबाट बच्नुपर्ला ।
**तुला** : दाम्पत्यजीवन र पारिवारीक पक्षबाट लाभ प्राप्त ।
**वृश्चिक** : व्यापार–व्यवसायबाट लाभ नहुने योग छ ।
**धनु** : दीर्घकालिन योजना सम्पन्नमा समय व्यतित ।
**मकर** : वादविवाद र अनावश्यक दौडधूप बढ्ने छ ।
**कुम्भ** : बोली र स्वास्थ्य समस्याले सताउने छ ।
**मीन** : धन व्यय हुने समय योग रहेको छ ।

# किसान अब खेतबारीमा कि खाडीमा ?



शिवराज खड्का




यस वर्षका हाम्रा मुख्य चाडपर्वहरु दसैं, तिहार र छठजस्ता पर्व भर्खर सकिए । मुख्य चाडपर्वमा हुने आर्थिक चलायमान पूर्ण रुपमा देखिएन । दसैंका लागि ल्याइएका खसी, बोका र च्याङ्ग्रा सबैभन्दा बढी खपत हुने काठमाडौं उपत्यकामा मूल्य घटाउँदा पनि तिहारसम्म बिकेनन् । तिहारमा दुई-चार हजार आम्दानी हुन्छ भनेर खेती गरिएको फूल केही सित्तैंमा बाँड्नुपर्‍यो भने केही बाटोमै फाल्नुपर्‍यो किसानले । यस वर्षको तिहारमा २४ करोड मूल्यबर ाबरको फूलको कारोबार भयो, जुन गत वर्षको भन्दा दुई करोड कम भएको फूल व्यवसायीको छाता संस्था नेपाल फ्लोरि कल्चर एसोसिएसनले जनाएको छ । यो वर्ष पनि भारतीय फूलको प्रयोग ७० प्रतिशत भयो भने नेपालमै उत्पादन भएको फूलले ३० प्रतिशत मात्रै बिक्री भयो ।

देशका ४८ जिल्लामा फूलखेती गरेका किसान निराश भए । देशभित्रै फूल पर्याप्त उत्पादन हुँदाहुँदै पनि सरकारका निकायबीच समन्वय नहुँदा नेपाली किसानले उत्पादन गरेको फूल सडकमै फालेर नोक्सान बेहोर्नुपर्‍यो । केही खेतबारीमै सुकेर खेर गए ।

अहिले तरकारी खेती गर्नेको हालत पनि त्यस्तै छ । हाल तरकारीको मूल्य तीन वर्षकै सस्तो भएको कालीमाटी फलफूल तथा तरकारी विकास समितिले जनाएको छ । तथापि, थोक बजारमा तरकारीको मूल्य घटे पनि खुद्रा व्यापारीले नघटाउँदा उपभोक्ताले भने त्यसको महसुस गर्न पाएका छैनन् । मूल्य अत्यधिक घटिरहँदा किसानले लागत मूल्यभन्दा पनि कम मूल्यमा बिक्री गर्नुपर्ने अवस्था सिर्जना भएको छ । भारतबाट सस्तो मूल्यका टन्नै तरकारी आयात भइरहेका छन् ।

भारतले किसानलाई बीउ, मल, सिँचाइ र बजारीकरणसम्ममा अनुदान दिएको छ, यसले गर्दा उताको तरकारीको लागत खर्च निकै कम भएर हाम्रोभन्दा सस्तो छ । लागत खर्च बढी भएर तुलनात्मक रुपमा भारतको तरकारीभन्दा हामीले फलाएको तरकारीको मूल्य बढी पर्छ नै । चालु आर्थिक वर्षको पहिलो चार महिनामा झन्डै १२ अर्बबराबरको तरकारी आयात भएको छ । भन्सार कार्यालयको तथ्यांकअनुसार गत साउनदेखि कात्तिकसम्म ११ अर्ब ८७ करोड २३ लाखको तरकारी आयात भएको छ । गत आव २०७९-८० को साउनदेखि कात्तिकको तुलनामा चालु आवको यही अवधिमा ५१ करोड ४४ लाख बढीको तरकारी आयात भएको छ । गत आवको पहिलो चार महिनाको अवधिमा ११ अर्ब ३५ करोड ७८ लाखको तरकारी आयात भएको थियो ।

२० वर्षदेखि तरकारी खेती गर्दै आएका चितवनको रत्ननगर-९, भानुचोकका मोहमद नबिहसन मियाँको तरकारीले बजार र मूल्य नपाउँदा बारीमा नै कुहिएको दुखेसो छ । जग्गा भाडामा लिएर दैनिक सात-आठ जनालाई स्वदेशमै रोजगारी दिँदै उनले ६ बिघामा २० वर्षदेखि तरकारी खेती गर्दै आएका छन् । अब खेतबारीमा जाने कि खाडीमा जाने ? सोच्नुपर्ने बेला आएको पीडा उनी सुनाउँछन् । यस्ता पीडादायक अवस्था नेपाली किसानको नियति नै बन्न पुगेको देखिन्छ । वर्षौंदेखि उखु किसानले अझै भुक्तानी पाएका छैनन् । राज्य मूकदर्शक भएर बसेको छ ।

यी केही उदाहरण मात्रै हुन् । हरेक प्रकारका खेती गर्ने किसानले खेती सुरु गर्नुअघिदेखि बिक्री गरिसकेपछि भुक्तानी नपाउन्जेलसम्म दुःख बेहोर्नुपरिरहेको छ । बीउ, बिरुवा, मलदेखि बजार पुर्‍याउँदासम्म कैयौं समस्या भोगेर उत्पादन गरेको वस्तु नोक्सानीमा खेर फाल्नुपरिरहेको तीतो यथार्थ छ । जंगली जनावरले दिने दुःख, हावाहुरी, असिना, आवश्यक शीत भण्डार (कोल्ड स्टोर) को अभाव र दलाल-बिचौलियाको दबाब तथा जलवायु परिवर्तनका कारण अधिकांश आकाशे पानीको भरमा गर्नुपर्ने खेतीले किसान आजित छन् । कृषि उत्पादन र अर्थतन्त्रमा यसको योगदानको चर्चा सार्वजनिक मञ्चमा भइ नै रहन्छ । तर विडम्बना, कृषिप्रधान देशका किसान नै सबैभन्दा बढी मारमा परेका छन् । माटोसँग खेल्ने र 'सुन' फलाउने किसान नै गरिबी र अभावको पर्याय बनेर दयनीय जीवन बाँचिरहेका छन् । जसका कारण, निर्वाहमुखी खेती गर्ने किसान जीवन धान्नै कठिन अवस्थासँग जुधिरहनुपरेको छ ।

राष्ट्रिय कृषि गणना-२०७८ अनुसार अन्न भण्डारका रुपमा रहेको मधेस प्रदेशमा कृषिकर्म गर्नेमध्ये ४३ प्रतिशत किसान परिवारलाई आफ्नो उत्पादनले वर्षभरि खान पुग्दैन । ७ लाख ३८ हजार ३ सय ४० कृषक परिवारमध्ये ४३ प्रतिशत परिवारलाई आफ्नै उत्पादनले वर्षभरि खान पुग्दैन । ४ लाख ९२ हजार ४ सय ९७ हेक्टरमा कृषिकार्य गर्ने गरेकामा ५७ प्रतिशतलाई मात्रै आफ्नो कृषि उत्पादनले वर्षभरि खान पुग्ने कृषि गणनामा उल्लेख छ । बागमती प्रदेशमा त झन् ५५.९ प्रतिशत परिवारलाई कृषिको आम्दानीले खान पुग्दैन, ४४.१ लाई मात्रै पुग्छ । कृषि पेसामा आबद्ध ७२.६ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ । यस प्रदेशमा १५ लाख ७० हजारभन्दा बढी घरपरिवार रहेकामा ६ लाख ६८ हजार १ सय ७७ कृषक परिवार रहेको र २ लाख ८२ हजार २ सय ९२ हेक्टर जमिन कृषिमा प्रयोग भएको छ ।

खेतीयोग्य जमिनमा अन्न होइन, गगनचुम्बी महलहरु तीव्र गतिमा उम्रिरहेका छन् । धान फल्ने खेत घरघडेरी, सिमेन्टका ठूलाठूला संरचना बनिरहेका छन् । जमिन बाँझो छाडेर प्याकेटको चामलमा रमाउने क्रम बढ्दो छ । युवा श्रमशक्ति विदेश पलायन छन् । केही भएकाहरुमा पनि छटपटी सुरु भइसकेको छ– के गर्ने, कसो गर्ने, कता जाने भनेर । बैंक तथा वित्तीय संस्थाको ऋणको बोझ, पारिवारिक जिम्मेवारी, देशभित्रको निराशाजनक अवस्थाले देशले जाजा विदेशले आइज-आइज भनिरहेझैं ठानिरहेछन् युवा । सबैलाई खुवाउने अन्न उब्जाउने किसान समाजको पिँधमा हेपिएको अवस्थामा छ । किसानको सम्मान सट्टा अपमानमा रमाउने क्रमले प्रश्रय पायो । किसानहरू निराश हुनु भनेको देशको कृषिक्षेत्र निराश हुनु हो । कर्म गर्नेको चित्त दुखाएमा कर्म गराउनेलाई फलिफाप हुँदैन ।

किसानको अस्तित्व स्वीकार गर्न नसकेका कारण देशको उत्पादन ओरालो लाग्ने क्रम बढेको छ । सरकारले वर्षैपिच्छे गरिबी निवारण, आधुनिक कृषि, स्वरोजगार भन्दै विभिन्न कार्यक्रम ल्याउँछ । अनुदानका लागि आवेदन दिन सूचना जारी गर्छ । तर, वास्तविक किसानले थाहा नपाउँदै कृषि फर्म दर्ता गरेर ल्याउने दलको कार्यकर्ताले सेटिङ मिलाइसकेको हुन्छ । फलस्वरुप स्थानीय जनप्रतिनिधिका आसेपासेलाई स्वाद परिरहेको छ । अनि टाठाबाठाले फर्म खोलेर सरकारी अनुदानमा रजाइँ गरिरहेका छन् । आगामी चुनावमा भोट बटुल्न मद्दत मिल्ने भएकाले जनप्रतिनिधिहरु पनि मक्ख छन्, अनि वास्तविक किसानले कसरी गर्छ किसानी ?

कृषिक्षेत्रको आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण, बजारीकरण गर्दै कृषि व्यापारघाटा शून्यमा झारेर उत्पादनमा आत्मनिर्भरता कायम गर्नेजस्ता नारा सबै दलको घोषणापत्रमा समेटिएका छन् । हरेक चुनावका घोषणापत्रमा कृषिक्षेत्रको विकासका मीठा नारा नलगाइएका होइनन् । तर, दलका घोषणापत्रहरुले फेरि पनि कृषिक्षेत्र र मुलुकका दुईतिहाइ जनसंख्या ओगटेका कृषकलाई ललिपप मात्रै देखाए । अहिले सर्वहारा वर्गको आडमा जन्मिएर हुर्किएको पार्टीको नेतृत्व नै सर कार सञ्चालनको उच्च ओहदामा छ ।

अर्थात् गरिब र किसानका नाममा 'समाजवादी' राजनीति गरिरहेको दाबी गर्ने कम्युनिस्ट र कांग्रेसको संयुक्त सरकार छ । बजेट भाषणको ठेलीमा एक टोल सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्रजस्ता आकर्षक कार्यक्रम लेखिएको छ । प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा एक-एक वडा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गरिने, उपयोगमा नआएका तथा बाँझो जमिनमा कृषि खेती प्रवर्द्धन गर्न युवालक्षित सहकारी तथा सामुदायिक खेती प्रणालीलाई प्रोत्साहित गर्ने उल्लेख छ । साथै, रासायनिक मल समयमै उपलब्ध गराइने, मल उत्पादन गर्ने कारखाना स्थापना गर्न बहुवर्षीय योजना तयार गरी कार्यान्वयनमा ल्याइने र स्थानीय तहमा जैविक मल कारखाना स्थापना गर्न प्रोत्साहन गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ । सुन्दै आनन्द आउने तर कार्यान्वयन शून्य । लाखौं खर्च गरेर तामझामका साथ धान दिवस मनाइरहेका हुन्छौं तर गोदाममा धान रित्तो हुन्छ । देखावटी नौटंकी धेरै भयो ।

२०८० असोज मसान्तमा १ लाख ४२ हजार ३ सय ५ ऋणीलाई प्रवाह भएको १ खर्ब ८७ अर्ब ८८ करोड सहुलियतपूर्ण कर्जा बक्यौता छ । यसमध्ये कृषि तथा पशुपन्छी व्यवसाय कर्जाअन्तर्गत ५८ हजार ५ सय ७० ऋणीलाई प्रवाह भएको १ खर्ब ३१ अर्ब १० करोड कर्जा बक्यौता छ । सोही अवधिमा महिला उद्यमशील कर्जाअन्तर्गत ८१ हजार १ सय २१ महिला उद्यमीलाई प्रवाह भएको ५४ अर्ब ३ करोड कर्जा बक्यौता छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षकअन्तर्गत २ हजार ६ सय १४ ऋणीको २ अर्ब ७६ करोड कर्जा बक्यौता रहेको राष्ट्र बैंकको मासिक प्रतिवेदनले देखाएको छ । तर, यो ऋण कुन वर्गले लिएको छ भन्ने कुरा सबैलाई थाहै छ । पाउनुपर्नेले नगण्य पाएका छन् ।

अधिकांश किसानले भोग्नुपर्ने हैरानीको चाङ सानो छैन । किसानहरूको यो साझा दुःखबाट सरकार र राजनीतिक दल परिचित छन् । किनभने अधिकांश सोही पृष्ठभूमिबाट आएका हुन् भने सरकारले केही गर्छ कि भन्ने आसमा किसानले बेलाबेलामा मागपत्र बुझाउने गर्छन्, कुनै मन्त्री वा कुनै नेता गाउँ भ्रमणमा आएका बेला उनीहरूले आफ्ना दुःख सुनाउने गर्छन् र मन्त्री तथा नेताका सचिव र पिएहरूले चासोका साथ डायरीमा नोट गरेका हुन्छन् । तर, समग्र सत्ताको राजनीति भ्रष्ट राजनीति र निजी आर्थिक लिप्साबाट निर्देशित रहेकाले उनीहरुले मुखले रामराम बगलीमा छुरा गरिरहेका छन् । किसानको आवाज मुखरित गर्ने भनेर खुलेका किसान संगठनहरू छन् । तर, प्रायः सबै युनियन र संगठन कुनै न कुनै राजनीतिक पार्टीका अंग भएकाले पार्टी र नेताहरुको हित प्राथमिकता बोकेर हिँडिरहेका छन् । अहिलेका राजनीतिक पार्टीहरु कर्पोरेट पुँजीपतिको निकट भएकाले उनीहरुले राजनीति फड्किन बाटो मात्रै बनाएका छन् । त्यसैले प्रायः सबै राजनीतिक दलका मजदुर र किसानका संगठन किसानका निम्ति एउटा भावनात्मक भ्रम मात्रको रुपमा देखिन्छ ।

कुनै बेला धान निर्यातक देश नेपाल; जुन समयमा प्रविधि, प्राविधिक, कृषिको बलिया संरचना, बजेट, ऐन कानुन केही थिएन; त्यस्तो अवस्थामा पुर्खाहरूले आफ्नै ज्ञान, सीप, क्षमताबाट सिँचाइको व्यवस्थासमेत मिलाएका थिए । २०३१ सालमा धान, चामल निर्यात गर्न मेची, कोसी, सगरमाथा, नारायणी, जनकपुर, लुम्बिनी र सुदूर पश्चिममा आठवटा धान-चामल निर्यात गर्ने कम्पनी स्थापना गरियो । उक्त समयमा ५५ हजार मेट्रिक टन चामल नेपालबाट भारत, बंगलादेशलगायतमा निर्यात हुने गर्थ्यो । अहिले ती आठवटै कम्पनी बन्द हुने स्थितिमा पुगे । तर, 'नगरौं अरूको भर, बन्नैपर्छ आत्मनिर्भर' तथा 'युवाहरु जुट्नुपर्छ, आफ्नै देश बनाउन उठ्नुपर्छ' जस्ता आकर्षक नारा भने छुटेका छैनन् । किसानको मुख्य काम कृषि उपज उत्पादन गर्ने हो । 'जतिसक्दो धेरै फलाऊ, बजारको चिन्ता नलेऊ' भनेर बजारीकरण र किनिदिने कुनै निकाय छैन । हाम्रा किसानले पसिना बगाउँदा भन्दा तरकारी नबिक्दा बढी पीडा हुन्छ । दिनरात मेहनत गरेर फलाएको कृषि उपजलाई आयातित सामग्रीले उछिन्छ । यस्तो परिदृश्यले कृषि पेसामा आकर्षित गर्छ कसलाई ? बिचौलियाको बजार राजनीतिले गरिब किसानलाई पलपल मारि रहेको छ । कृषि पेसा अपनाएपछि कम्तीमा वर्ष दिन ढुक्कले खान पुग्ने अनि शिक्षा, स्वास्थ्य र सामाजिक कर्म गर्न अरूको भर पर्नु नपर्ने अवस्था छैन भने किसानका छोराछोरी किसान बन्न चाहँदैनन् ।

यसर्थ सरकारले चाहने हो भने विगतमा किसान, विपन्न, दलित र सीमान्तकृत वर्गले राजनीतिक व्यवस्था परिवर्तन गर्न लगाएको गुन तिर्ने अवसर छ । नेपाली उत्पादनलाई प्राथमिकता दिई आयात रोक्दै बिचौलियाका तहहरू घटाएर र बजारमा आवश्यक सुधार गरेर किसान र उपभोक्ताको हितमा किसानको बारीबाट खुद्रा बजारसम्म आइपुग्दा सुलभ मूल्य निर्धारणको मापदण्ड बनाउन सकिन्छ । किसानका लागि स्थानीय स्तरमा प्रभावशाली कृषि पाठशालाको आवश्यकता छ; जहाँ उनीहरूले बाली लगाउने तरिका सिक्न पाऊन्, विदेशमा अपनाइएका आधुनिक प्रविधिबारे ज्ञान आर्जन गर्न सकून्, मल, बीउबिजनको चिन्ता नहोस् । किसानका समस्याबारे सरोकारवालालाई जमघट गर ेर बहस र पैरवी गर्दै समाधानको लागि ताकेता गर्ने सञ्चारमाध्यम चाहिएको छ ।

अनुदान, बीमा, सहज र सुलभ रुपमा समयमै मलखादको उपलब्धता, भरपर्दो सिँचाइको प्रबन्ध, बाढी-पहिरो-डुबान, अतिवृष्टि-अनावृष्टि, चट्याङ-डढेलो, बालीनालीमा संक्रामक रोगव्याधिको कहर आदिजस्ता प्राकृतिक प्रकोपको समयमा आवश्यक राहत एवं क्षतिपूर्तिको व्यवस्था, निर्वाहमुखी कृषि पेसालाई व्यवसायमुखी बनाउन कृषिमा आधुनिकीकरण, कृषि उपजका लागि चाहिने आवश्यक भण्डारण, वितरण र समुचित बजार व्यवस्थापनको सुनिश्चितताजस्ता आधरभूत विषयहरूलाई समेत राज्यले गाम्भीर्यतापूर्वक लिन ढिला भइसक्यो । किसानको पहिचान गरी तत्काल किसान कार्ड लागू गर्नुपर्ने, पेन्सनको व्यवस्था गर्ने, सहभागिता र योगदानका आधारमा पर्याप्त एवम् सहज रूपमा सहुलियत कृषि ऋण उपलब्ध गर्नुपर्ने तथा न्यूनतम शुल्क बिजुलीको समुचित प्रबन्ध गरेमा कृषि पेसालाई व्यवसायमुखी बनाउँदै मुलुकलाई आत्मनिर्भर, स्वरोजगार एवं समृद्धिको मार्गमा अगाडि बढाउन सकिन्छ, अन्यथा भएका केही किसान पनि खेतबारीमा होइन खाडीको बाटो तताउनाले किताबमा मात्रै मुलुक कृषिप्रधान देश रहनेछ ।

*(स्रोतः कारोबारदैनिक)*




**मर्मत हुंदैः** हेटौँडा उपमहानगरपालिकाको बजारक्षेत्र पारिजातपथमा सडक मर्मत गर्दै मजदुर । उपमहानगरले सडक बोर्डसँगको साझेदारीमा सडक मर्मत गर्न निर्माण कम्पनिसँग सम्झौता गरे पनि कार्यान्वयन हुन सकेको थिए । अहिले व्यवसायीले सडक मर्मतको कार्य सुरु गरेको छ ।

# निःशुल्क शिविरमा ३७ जनाको स्वास्थ्य जाँच

समाज संवाददाता

हेटौंडाः पदमपोखरी अस्पतालको आयोजनामा भएको निःशुल्क स्वास्थ्य शिविरमा ३७ जनाले जाँच गरेका छन् । बिहीबार हेटौंडा-१३, पदमपोखरीमा महिलाहरुको लागि निःशुल्क स्तन क्यान्सर सम्बन्धी स्क्रिनिङ हुँदा ३७ जनाले स्वास्थ्य जाँच गराएको अस्पतालका सिनियर अहेव शेरबहादुर ब्लोनले जानकारी दिनुभयो ।

ब्लोनका अनुसार जाँच गराएका ३७ जनामध्ये डाक्टरहरुले ५ जनामा क्यान्सरको शंका गरेका छन् । क्यान्सर पुष्टि हुन अझै थप प्रक्रिया हुने उहाँले बताउनुभयो । ५ जनाबाहेक अरुमा सामान्य देखिएको छ ।

स्वास्थ्य शिविरमा हेटौंडा-१० र १२ का बासिन्दाहरु पनि जाँच गर्न आएका छन् । पदपोखरीको स्वास्थ्य चौकीमा भएको शिविरमा भरतपुर क्यान्सर अस्पतालका २ जना डाक्टर तथा थप स्वास्थ्य टिमले सेवाग्राहीलाई सेवा दिएको थियो । अस्पतालले वडाका महिनाहरुले आफ्नो स्वास्थ्यको बारेमा जानकारी तथा निःशुल्क उपचार पाउन् भन्ने उद्देश्यले शिविर आयोजना गरिएको थियो ।

ब्लोनका अनुसार शनिबार पनि शिविर हुने भएकाले मानिसहरु कम आएका हुन् । शनिबार लायन्स क्लब अफ काठमाडौं, तारकेश्वरको आयोजनामा शिविर हुने भएको छ । सनराइज बोर्डिङ स्कूल पदमपोखरीको भवनमा हुने वृहत् स्वास्थ्य शिविमा रक्तदान, उच्चरक्तचाप, मधुमेह परीक्षणका साथै महिलाहरुको पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी परीक्षण हुनेछ ।

शिविरमा नेपाल क्यान्सर अस्पताल, नेपाल अनुसन्धान रिसर्च र सहयोगी हातहरुका १३ जनाको टोलीले सेवा प्रदान गर्नेछन् ।

विद्यालयले शिविरमा ९ सय जनाको सहभागिता हुने अपेक्षा गरेको छ । वडामा कति रोगी छन् पत्ता लगाउन र वडाका बासिन्दाले सेवा पाउन् भन्ने उद्देश्यले शिविर आयोजना भएको हो । निःशुल्क शिविर सनराइज बोर्डिङ स्कूलको सहकार्यमा हुनेछ ।

# कृषि प्रदर्शनी तथा नृत्य प्रतियोगिता हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१० नम्बर वडा कार्यालयको आयोजनामा २ दिने कृषि प्रदर्शनी तथा नृत्य प्रतियोगिता हुने भएको छ । मंगलबार पत्रकार सम्मेलन गर्दै पुस २ र ३ गते बसपार्क परिसरमा घरेलु उत्पादन, कृषिउपज प्रदर्शनी मेला तथा सांस्कृतिक नृत्य प्रतियोगिता आयोजना गर्न लागिएको वडा अध्यक्ष फुर्वा दोर्जे लामाले जानकारी दिनुभयो ।

प्रदर्शनी मेला तथा नृत्य प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका १९ वटै वडाहरुबाट सहभागी हुनसक्ने उहाँले बताउनुभयो । समुदायसँगको सहाकार्य र सरोकारवालाको समन्वयमा कार्यक्रम आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । स्थानीय उत्पादनहरुलाई प्रबर्द्धन गर्ने, उत्पादित वस्तुहरुको बजारीकरण गर्ने र स्वरोजगार सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले प्रदर्शनी आयोजना गर्न लागिएको हो ।

स्थानीय जातजातिका भेषभुषा झल्कने र संस्कृतिको संरक्षणमा सहयोग पुऱ्याउन कला तथा संस्कृति झल्कने गरी नृत्य प्रतियोगिताको समेत आयोजना गर्न लागिएको आयोजकले जनाएको छ । प्रदर्शनीमा हेटौंडा उपमहानगरपालिका भित्रका किसान तथा व्यवसायीहरुले उत्पादन तथा निर्माण गरेका सेवा तथा वस्तुहरुको प्रदर्शनी तथा बिक्री वितरण गरिनेछ । नृत्य प्रतियोगितामा १९ वटा वडाहरुका ईच्छुक कलाकारहरु सहभागी हुन सक्नेछन् ।

दुई दिनसम्म आयोजना हुने मेलामा घरेलु उत्पादनका विभिन्न ३० वटा स्टलहरु राखिनेछ । स्टलहरु निःशुल्क उपलब्ध गराइनेछन् भने स्टल राख्ने व्यवसायी वा सहभागीहरुलाई यातायातको व्यवस्थासमेत गरिएको आयोजकले जनाएको छ ।

प्रदर्शनीमा सहभागीहरुलाई पुरस्कार र प्रशंसापत्रको व्यवस्था गरिएको छ । नृत्य प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ५० हजार, ३५ हजार, २० हजार रुपैयाँ प्रदान गरिनेछ भने प्रतियोगितामा सान्त्वना हुने चार जनालाई ५ हजार रुपैयाँका दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

कार्यक्रमका लागि ५ लाख रकम विनियोजन गरेको वडा अध्यक्ष लामाले बताउनुभयो । पत्रकार सम्मेलनमा वडा सदस्य साधना श्रेष्ठ, ईश्वर मैनाली, गोमा सुनार, विमल लामा, वडा सचिव प्रशान्त श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# पशु प्रवर्द्धनका लागि ५० प्रतिशत अनुदान दिने

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकाले कृषक समूह, सहकारी, निजी फर्महरुलाई अनुदान दिने भएको छ । स्थानीय तहमा सशर्त अनुदान कार्यक्रमअन्तर्गत् लागतको ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने भएको हो ।

गाउँपालिकाले मंगलबार एक सूचना जारी गर्दै पशुपछी विकास र यान्त्रिक सहयोग कार्यक्रम बापत ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने पालिकाका पशु शाखा प्रमुख सत्यनारायण साहले जानकारी दिनुभयो । पालिकाले वडा नम्बर १ भित्र रहेको समूह वा निजी फर्महरुलाई बाख्रा प्रवर्द्धन, ३ नम्बरमा दूध यान्त्रिक (दूधबाट बनाउने परिकार) का लागि र वडा नम्बर ८ लाई गाई प्रवर्द्धनका लागि लागतको ५० प्रतिशत रकम दिने साहले बताउनुभयो ।

पालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा स्थानीय तहमा विनियोजित सशर्त अनुदान कार्यक्रमअन्तर्गत् पहिलो पटक अनुदानबापत ५० प्रतिशत रकम भुक्तानी गर्ने उहाँले बताउनुभयो । गाउँपालिकाले अनुदान लिएर बाख्रा प्रवर्द्धन, गाई प्रवर्द्धन र दूध यान्त्रिक प्रवर्द्धन गर्न इच्छुक कृषक समूह, सहकारी, निजि फर्महरुलाई पुस १६ गतेसम्म निवेदन दर्ता गर्न आग्रह गरेको छ ।

स्वादिष्ट नेवारी खाजा
अब

होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, मःम, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
हेटौंडा-४ पारिजातपथ, ०५७-५२६०१३

# मकवानपुर बाल विद्या सदन

## हेटौंडा-१८, खड्कुले

## पुनहिलसम्मको शैक्षिक भ्रमण

२०७७ सालमा कक्षा ९ र १० का विद्यार्थीहरुलाई विद्यालय इतिहासकै पहिलो पटक काठमाडौंको ४ दिने शैक्षिक भ्रमण लगेपछि अहिले विभिन्न कारणले बहुदिने शैक्षिक भ्रमण हुन नसकेको सन्दर्भमा अहिले भने २०८० मंसिर २७ गतेदेखि हामी कक्षा १० का विद्यार्थी र केही शिक्षकसहितको टोली पोखरा घोडेपानी हुँदै पुनहिलसम्मको यात्रामा छौं । भ्रमण चार दिनकै रहनेछ । हिजो बिहिबार पोखराका प्रसिद्ध पर्यटकीय गन्तव्य फेवाताल, पुम्दीकोट, शान्ति स्तुपा, गुप्तेश्वर गुफा, पाताले छाँगो, महेन्द्र गुफा, अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयसहित साँझ विध्यवासिनी मन्दिरको घुमघाम सक्यौं ।

आज शुक्रबार विहान छ बजे हाम्रो टोली म्याग्दी जिल्लाको घोडेपानीतर्फ अघि बढ्ने छ । आज साँझको बसाई घोडेपानीमा हुनेछ । घोडेपानीबाट भोलि शनिबार बिहानै छ बजेअघि नै पुनहिल पुग्नेगरी फेरी अगाडि बढने छौं । पुनहिलको चुचुराबाट सूर्योदयको मरोरम दृष्य मनभरी समेटेपछि संभवत भोलि नै हेटौंडा फर्कने तयारी गर्नेछौं ।

अघिल्लो भ्रमणले विद्यार्थीहरुद्वारा लिखित "स्पार्कल फ्रम स्वयम्भू" नामको एउटा सुन्दर पुस्तक उपहार दिएको थियो । आशा छ यो भ्रमण त्यो अर्थमा पनि सार्थक रहनेछ । अझै गहकिलो यात्रा संस्मरण हामीले पढन पाउने छौं ।



**स्पन्दन गिरी**
**भ्रमण संयोजक**
**एवम् सूचना अधिकारी ।**

# सहकारीका कर्मचारीलाई तालिम

समाज संवाददाता

हेटौंडाः जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको आयोजनामा सहकारीको काउण्टरमा काम गर्ने कर्मचारीका लागि तीन दिने तालिम सम्पन्न गरेको छ । तीन दिने तालिम बुधबार सम्पन्न भएको हो । संघमा आवद्ध २४ वटा सदस्य संस्थाका २८ जनाको सहभागिता रहेको थियो । संघका सचिव वीरेन्द्रप्रसाद ढुंगानाको अध्यक्षतामा समापन कार्यक्रम भएको थियो ।

तालिममा रुपन्देही जिल्लास्थित जनउत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेडका प्रमुख प्रशासकीय अधिकृत रणबहादुर थापाले सहजीकरण गर्नुभएको थियो । रुपन्देहीको जनउत्थान बचत तथा ऋण सहकारी संस्था ४१ हजार सेयर सदस्यको भएको ठूलो संस्था हो । संस्थाको अग्रभागमा बसेर धेरैभन्दा धेरै सेयर सदस्यसँग नियमित काम गर्नुपर्ने र नियमित कारोबारका क्रममा हुन सक्ने जोखिमप्रति ध्यान दिएर संघले तालिमको आयोजना गरेको संघकी व्यवस्थापक सुमित्रा वाईबाले जानकारी दिनुभएको छ ।

# विज्ञान हाजिरीजवाफ प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जिल्लास्तरीय विज्ञान हाजिरीजवाफ प्रतियोगिता हुने भएको छ । विज्ञान शिक्षक समाज मकवानपुरको आयोजनामा पुस १४ गते प्रतियोगिता हुने विज्ञान शिक्षक समाज मकवानपुरका अध्यक्ष खेमराज लामिछानेले जानकारी दिनुभयो । प्रतियोगितामा जिल्लाभरका माध्यमिक तह अन्तर्गत कक्षा ९ र १० का विद्यार्थीले सहभागिता जनाउन पाउने छन् ।

प्रतियोगितामा एक विद्यालयबाट दुई जनाको एउटा समुह मात्र र समुहमा अनिवार्य एक छात्रा हुनुपर्ने छ । मकवानपुर बालविद्या सदनमा हुने प्रतियोगितामा २० प्रतिशत सामान्य ज्ञान र ८० प्रतिशत कक्षा ६ देखि १० सम्मको विज्ञान तथा प्रविधि पाठयक्रमको प्रश्न सोधिने लामिछानेले बताउनुभयो । लामिछानेका अनुसार प्रतियोगिता जिल्लास्तरीय भएकाले विज्ञान शिक्षक समाजले ८० जना विद्यालयको अपेक्षा गरेको छ ।

प्रतियोगिता दुई चरणमा हुनेछ । पहिलो चरणमा विद्यार्थीहरुको परीक्षा हुनेछ भने परीक्षाबाट ९ वटा विद्यालय चयन भई दोस्रो चरणमा पुग्ने छ । विद्यार्थीहरु विज्ञानमा कमजोर भएका र विद्यार्थीहरुलाई विज्ञानप्रति प्रेरणा, धारणा तथा जिज्ञासा रहोस् भन्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको लामिछानेले बताउनुभयो । प्रतियोगितामा प्रथम हुने समुहले ५ हजार, दोस्रो हुने समुहले ४ हजार र तेस्रो हुने समुहले ३ हजार रुपैयाँ नगद पाउने छन् ।

सूचीकृत हुन आउने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/२९ गते*

प्रस्तुत विषयको सम्बन्धमा यस विद्यालयमा वागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौंडाद्वारा आ.व. २०८०/०८१ मा प्रदान गरिएको अनुदान कार्यक्रमबाट विद्यालय बस खरिद गर्नुपर्ने भएकोले स्पेसिफिकेशन अनुसारका शर्तहरू पालना गर्ने गरी विद्यालय बस उपलब्ध गराउन सक्ने अधिकृत विक्रेता वा उत्पादकहरूले सूचिकृत हुन, सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा तपसिल बमोजिमको कागजपत्रसहित रितपूर्वक निवेदन दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**
१) विद्यालयमा सूचिकृत हुने व्यहोराको निवेदन ।
२) विद्यालय बस उपलब्ध गर्न सक्ने सम्बन्धी तयार गरेको क्याटलग, ब्रोसर तथा विश्वसनीय कागजपत्रहरु ।
३) आफ्नो व्यवसायको दर्ता प्रमाणपत्र PAN/VAT number तथा २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४) रितपूर्वक नआएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
५) यस सम्बन्धी सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा रहने छ ।
६) स्वीकृत स्पेसिफिकेशन विद्यालयबाट उपलब्ध हुनेछ ।

थप जानकारीका लागि
**भुटनदेवी माध्यमिक विद्यालय(प्राविधिक शिक्षालय)**
हेटौडा ४ मकवानपुर ०५७५२०४२०

# बकैयाको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न



समाज संवाददाता

हेटौंडाः बकैया गाउँपालिकामा भएको पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। बिहीबार बकैया खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङको सभाध्यक्षमा प्रतियोगिता सम्पन्न भएको हो ।

बुधबारबाट सुरु भएको प्रतियोगितामा पालिकाको विद्यालयहरुबाट ५ सयभन्दा बढी विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्रतियोगितामा बुद्ध माध्यमिक विद्यालय प्रथम, जनक माध्यमिक विद्यालय द्वितीय र जनजागृति माध्यमिक विद्यालय तृतीय भएका छन् । प्रयोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले क्रमशः स्वर्ण, रजत तथा कास्य पदक प्राप्त गरेका छन् ।

प्रतियोगितामा प्रथम हुने बुद्ध माविले १४ वटा स्वर्ण, १२ वटा रजत र ७ वटा कास्य पदक प्राप्त गरेको छ। दोस्रो हुने जनक माविले ९ वटा स्वर्ण, १५ वटा रजत र १७ वटा कास्य पदक प्राप्त गरेको छ। तेस्रो हुने जनजागृति माविले ५ वटा स्वर्ण पदक, २ वटा रजत पदक र २ वटा कास्य पदक प्राप्त गरेको छ।

प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमलाई जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउन बन्द प्रशिक्षणमा राखिने बकैया खेलकुद विकास समितिका अध्यक्ष लामाले बताउनुभयो । समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष लामाले प्रतियोगितामा विजयी हुने सम्पूर्ण टिमलाई शुभकामना दिनुहुँदै जिल्लास्तरीय प्रतियोगितामा बकैयाका खेलाडीहरुलाई विशेष तयारीका साथ सहभागी गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

समापन कार्यक्रममा गाउँपालिकाका निमित्त प्रशासकीय अधिकृत मिलन दुलाल, वडा नम्बर ७ का अध्यक्ष मानबहादुर सिङ्तान, वडा नम्बर ८ का अध्यक्ष विष्णु नेगी, शिक्षा तथा युवा खेलकुद प्रमुख आइतराम तामाङलगायतको आतिथ्य रहेको थियो । प्रतियोगिता आयोजनाका लागि पालिकाबाट ३ लाख रुपैयाँ बजेट प्राप्त भएको थियो ।

# गोरक्षनाथ माविको प्रधानाध्यापकमा श्रेष्ठ



समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीमा रहेको श्री गोरक्षनाथ माध्यमिक विद्यालयमा नयाँ प्रधानाध्यापक नियुक्त गरिएको छ । मंसिर १२ गते मीना श्रेष्ठ विद्यालयको नयाँ प्रधानाध्यापक चयन हुनुभएको हो ।

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको निर्णयअनुसार श्रेष्ठलाई प्रधानाध्यापक नियुक्त गरिएको श्रेष्ठले बताउनुभयो । विद्यालयका शिक्षकमध्ये आफू पेसाप्रति लगनशील र अनुभवी रहेको प्रधानाध्यापक श्रेष्ठले दावी गर्नुभयो । लामो समयदेखि विद्यालयमा कार्यरत रहेको र विद्यालयका गतिविधिमा उत्कृष्ट कार्य गरेकाले आफूलाई प्रधानाध्यापक बनाइएको उहाँले जानकारी दिनुभयो ।

# एन्फाले महिला खेलाडी छनोट गर्दै

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) ले दक्षिण एशियाली फुटबल महासंघ (साफ)को आयोजनामा हुन लागेको साफ च्याम्पियनसीय यु-१९ र यु-१६ फुटबल प्रतियोगिताका लागि महिला टिम छनोट गर्न अनुरोध गरेको छ। बुधबार एन्फा महासचिव किरण राईले एक सूचना प्रकाशन गर्नुहुँदै साफ च्याम्पियनसीय यु-१९ र यु-१६ फुटबल प्रतियोगिताका लागि महिला टिम छनोट गर्नु अनुरोध गर्नुभएको हो ।

माघ १८ गतेदेखि २८ गतेसम्म हुन लागेको यु-१९ मा र फागुन १८ गतेदेखि २८ गतेसम्म हुन लागेको यु-१६ प्रतियोगिताको पहिलो चरणको जिल्ला छनोट कार्यक्रममा एन्फासँग आवद्ध भएका ४८ वटा जिल्लाहरुले सहभागी जनाउन पाउने छन् ।

एन्फामा आवद्ध भएका जिल्ला फुटबल संघहरूलाई आ-आफ्नो जिल्ला अन्तर्गतका क्लब, विद्यालय तथा क्याम्पसहरूमा रहेका विद्यार्थीहरुको उमेर अनुसार १९ वर्ष तथा १६ वर्ष मुनी भएका युवा महिला खेलाडीहरूलाई जिल्ला फुटवल संघका प्रशिक्षकहरूसँग समन्वय गरी पहिलो चरणको जिल्ला छनौट कार्यक्रम सम्पन्न गरी यू-१९/यू-१६ का लागि महिला खेलाडीहरूको नामावली प्रदेश फुटबल संघ र एन्फामा उपलब्ध गराउन सुचनामा मार्फत अनुरोध गरिएको छ।

# हेटौंडा फुटबल एकेडेमी रत्नप्रिय कपको सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः चितनव जिल्लास्थित रत्ननगर नगरपालिका वडा-९ को आयोजनामा भएको दोस्रो रत्नप्रिय कप फुटबल प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमी सेमिफाइनल प्रवेश गरेको छ । बुधबार रत्ननगरको टिकौलीचौरमा भएको खेलमा हेटौंडा फुटबल एकेडेमीले आयोजक रत्नप्रिय क्लबलाई २-० गोल अनतरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो ।

प्रतियोगिताअन्तर्गत् हेटौंडा फुटबल एकेडेमीले फाइनल प्रवेशका लागि आगामी पुस १ गते प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगिताको उपापध विजेता टिमले १ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ र उपविजेता टिमले ७७ हजार ७ सय ७७ रुपैयाँसहित शिल्ड तथा मेडल प्राप्त गर्नेछन् ।

यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुलाई नगद पाँच हजारका दरले पुरस्कृत गरिनेछ। प्रतियोगितामा १० वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल पुस ४ गते हुनेछ ।

## जिल्ला लिग क्वालिफाइ फुटबल

# बकैयाको सानदार जितसँगै जिल्ला लिग खेल्ने पक्का





समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले आयोजना गरेको जिल्ला लिग छनोट प्रतियोगिताको सेमिफाइनल खेलमा सानदार जित हासिल गर्दै बकैया युथ क्लबले अर्को वर्ष जिल्ला लिग खेलने पक्का भएको छ । बिहीबार हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको सेमिफाइनल खेलमा बकैयाले हेटौंडा-५ स्थित जनहिय युवा क्लबलाई १०-० गोल अन्तरले सहजै पराजित गर्दै अर्को वर्ष लिग खेल्ने पक्का गरेको हो ।

बकैयाको तर्फबाट पहिलो हाफको ८ मिनेट र २८ मिनेटमा छेवाङ लामाले २ गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । पहिलो हाफको ३४ मिनेटमा र ३८ मिनेटमा २ गोल गर्दै सुरेन्द्र राईले अग्रतालाई दोब्बर बनाए । दोस्रो हाफको ७ मिनेटमा सुजन गुरुङले र ३४ मिनेटमा सुरेन्द्र राईले एक-एक गोल गर्दै अग्रतालाई तेब्बर बनाएका थिए । दोस्रो हाफको २६ मिनेटमा आयुष नेगीले, ३५ मिनेटमा अभिषेक भोलनले, ४५ मिनेटमा सुजन गुरुङ र निश्चल गुरुङले एक-एक गोल गर्दै टिमलाई जिताएका हुन् ।

खेलको म्यान अफ द म्याच बकैयाका सुरेन्द्र राई भएका छन् । प्रतियोगिताको फाइनल खेलमा शनिबार बकैया युथ क्लब र पञ्चशील युवा क्लबबीच प्रतिस्पर्धा हुनेछ । जिल्ला फुटबल संघको सदस्य आलोक स्याङ्तानको संयोजकत्वमा आयोजित प्रतियोगितामा १२ वटा टिमको सहभागिता थियो ।

प्रतियोगितामा प्रथम र द्वितीय हुने दुई टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुका लागि समेत पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगितामा प्रथम र द्वितीय हुने दुई टिम जिल्लास्तरीय टिमको रुपमा छनोट भई जिल्ला लिगमा सहभागी हुनेछन् भने आगामी लिगमा दुई वटा टिम घटुवामा पर्ने बताइएको छ।

प्रतियोगिता संयोजक स्याङ्तानले २०७६ सालपछि एन्फा रेलिगेटेड लिग गर्नुपर्ने नियम लागू भएपछि मकवानपुरले लिग सुरु गरेको बताउनुभयो । उहाँले विभिन्न जिल्लाहरुमा विभिन्न कारणले जिल्ला लिग स्थगित भएपछि नयाँ ढंगबाट खेल सञ्चालन गर्न लागेको बताउनुभयो। फुटबल संघले राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्ने उद्देश्यले यसअघि विद्यालयस्तरीय फुटबल प्रतियोगिता र विभिन्न प्रतियोगिताको आयोजना गर्दै आएको उहाँले बताउनुभयो ।

# ४६ जनामा मोतिविन्दु पहिचान

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडाको आयोजनामा भएको निःशुल्क आँखा शिविरमा ४६ जनामा मोतिविन्दु पहिचान भएको छ । रोटरी क्लब अफ हेटौंडाले छतिवन र हाँडीखोलामा गरेको आँखा शिविरमा ४६ जनामा मोतिविन्दु पहिचान भएको हेटौंडा आँखा अस्पतालमा व्यवस्थापक सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

छतिवनको बकैया-१ मा भएको आँखा शिविरमा १ सय ६८ जनाले जाँच गराएका थिए। जाँच गराएका १ सय ६८ जनामध्ये २५ जनामा मोतिविन्धुको समस्या देखापरेको हो। यस्तै, हाँडीखोलामा भएको आँखा शिविरमा १ सय ९१ जनाले आँखा जाँच गराएका थिए। जाँच गराएका १ सय ९१ जनामध्ये २१ जनामा मोतिविन्दु पहिचान भएको हो । निःशुल्क आँखा शिविर मसिनेमा भएको थियो ।

दुबै आँखा शिविरमा हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोग रहेको थियो। दुबै शिविरमा आँखा अस्पतालले ५-५ जनाको टोली पठाएको थियो। शिविरमा मोतिविन्दु पहिचान भएका बिरामीलाई आइतबार र सोमबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा शल्यक्रिया गरिनेछ । अस्ट्रेलियाको तास्मानियास्थित रोटरी क्लबहरुको सहयोगमा रोटरी क्लब अफ हेटौंडाले हरेक वर्ष आँखा शिविरको आयोजना गर्ने गरेको छ ।

# मकवानपुरगढीका विद्यालयमा आजदेखि दोस्रो त्रैमासिक परीक्षा

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुर गढी गाउँपालिकाका विद्यालयहरुमा आज शुक्रबारदेखि दोस्रो त्रैमासिक परीक्षा हुने भएको छ । पुस ६ गतेसम्म परीक्षा हुने गाउँपालिकाका विद्यालय निरीक्षक दाशरथी उपाध्याय भण्डारीले जानकारी दिनुभएको छ । परीक्षा बिहान र दिउँसो गरी दुई सिफ्टमा हुनेछ। गाउँपालिकाको परीक्षा समितिले विद्यालयलाई परीक्षाको प्रश्नावली उपलब्ध गराउने छ ।

गाउँपालिकामा रहेका ३७ वटा विद्यालय मध्ये ३६ वटा विद्यालयमा पालिकाले दिएको प्रश्नावलीअनुसार परीक्षा लिनेछ। पहिलो त्रैमासिक परीक्षामा छ हजार पाँच सय जनाले परीक्षा दिएका थिए । पहिलो त्रैमासिक परीक्षामा ८२ जना विद्यार्थी अनुपस्थित थिए । पहिलो त्रैमासिक परीक्षामा ९५ प्रतिशत विद्यार्थी उत्तिर्ण भएका निरीक्षक भण्डारीले जानकारी दिनुभयो । पहिलो त्रैमासिक परीक्षा साउनको पहिलो हप्तामा भएको थियो ।

मकवानपुरगढीमा आधारभूत विद्यालय २० वटा, निमावि ७ वटा र मावि १० वटा रहेको उहाँले जानकारी दिनुभयो । मकवानपुरगढीमा आधारभूत विद्यालयमा दुइ हजार आठ सय ८२ जना, निमाविमा ९ सय र माविमा दुइ हजार आठ सय गरी छ हजार पाँच सय ८२ जना विद्यार्थीहरु रहेको निरीक्षक भण्डारीले जानकारी दिनुभयो । निरीक्षक भण्डारीका अनुसार २०७९ सालको तुलनामा यस वर्ष मकवानपुरगढी गाउँपालिकामा ९ सय ३२ जना विद्यार्थी कम रहेका छन् ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।
सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

LUNCHING SOON





समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ